# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या : २०७८/०७९ | फोन नं. ०८१-५४०००९
चलानी नम्बर : | फ्याक्स नं.०८१-५४०३१८

---

**विषय :- छात्रबृत्तिका लागि ~~लागि~~ निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**
**प्रथम पटक सूचना प्रकाशित मिति :-२०७८/१२/२३**

उपरोक्त सम्बन्धमा कोहलपुर नगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत " **नगर प्रमुख छात्रबृत्ति कार्यक्रम** " अर्न्तगत देहायका तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुले तपसिलका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा **"नगर प्रमुख छात्रबृत्ति कार्यक्रम सञ्चालन कार्यविधि,२०७८"** को **अनुसूची-१** को ढाँचामा निवेदन पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

१. आधारभूत तह ।
२. माध्यामिक तह ।
३. उच्च शिक्षा ।
४. प्राविधिक शिक्षा।

**५. छात्रबृत्ति प्रदान गरिने लक्षित वर्गहरु** :-देहाय बमोजिमका विधार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

(क) सामुदायिक विद्यालयमा अध्ययनरत वा अध्ययन गरेका दलित, द्वन्द्वपीडित, सिमान्तकृत र लोपोन्मुख, शहिद, वेपत्ता तथा घाईते परिवारका सन्तती, मुक्त कमैया, मुक्त कम्लहरी, आदिवासी जनजाति, मधेसी तथा मुस्लिम समुदायका विद्यार्थीहरु ।

(ख) सामुदायिक विद्यालयमा अध्यनरत वा अध्ययन गरेका विपन्न र जेहेन्दार विद्यार्थीहरु ।

**६.छात्रवृत्ति छनौटका लागि आधारभूत मापदण्ड :**

(क) कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

(ख) अति विपन्न वा जेहेन्दार,

(ग) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्यूनतम मापदण्ड पूरा गरेको,

(च) प्राविधिक शिक्षा अध्ययन चिकित्सा शास्त्र अध्ययनका लागि त्रिविवि महाराजगञ्ज चिकित्सा क्याम्पस र सो विश्वविद्यालयको आङ्गिक क्याम्पसहरु तथा सोही विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्वदेशी र विदेशी लगानीका शिक्षण संस्थाहरुमा छात्रबृतिमा अध्ययनका लागि उतिर्ण भएको ।

**नोट** : यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै परिवारको व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउँनेछ ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

---



ईमेल : kohalpurmun@gmail.com, info@ kohalpurmun.gov.np वेवसाईट : WWW.kohalpurmun.gov.np
फोन नं. ०८१-५४०३१८, ५४०००९

# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या : २०७८/०७९
चलानी नम्बर :

फोन नं. ०८१-५४०००९
फ्याक्स नं.०८१-५४०३१८


७. छात्रबृत्ति छनौटका आधारहरु :

| क्र.स. | समुदाय/ कलष्टर | कैफियत |
|---|---|---|
| १ | दलित समुदाय (बादी, गर्न्दभ, सार्कि, मधेसी दलित तथा अन्य विपन्न दलित समुदाय ) | छात्रालाई पहिलो प्राथमिकता |
| २ | अन्य वर्गका विपन्न तथा जेहेन्दार विधार्थी | छात्रालाई पहिलो प्राथमिकता |
| ३ | मधेसी/मुस्लिम | छात्रालाई पहिलो प्राथमिकता |
| ४ | मुक्त कमैया/कम्लहरी | छात्रालाई पहिलो प्राथमिकता |
| ५ | आदिवासी जनजाति, लोपोन्मुख/सिमान्तकृत (राजी, कुचवन्धिया, चिडिमार, चिडिमार, चेपाङ्ग आदि ) | छात्र छात्रा दुबैलाई |
| ६ | अपाङ्गता भएका | छात्र छात्रा दुबैलाई |
| ७ | सामुदायिक विद्यालयबाट एस.ई.ई./एस.एल.सी.पास गरेको | छात्रालाई पहिलो प्राथमिकता |
| ८ | जनयुद्ध/जनआन्दोलनका घाईते/ शहिद तथा वेपत्ता परिवारका सन्तती | छात्रालाई पहिलो प्राथमिकता |

०८/१२/२२

..............................
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत